# अमरगढी नगरपालिका कार्यालय डडेल्धुरा

## स्थानीय सेवा प्रदायक संस्थाका लागि आशयपत्र मांग गरिएको सूचना

**(दोस्रो पटक प्रकाशित सूचना मिति २०७१।०७।१०)**

प्रस्तुत विषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१/४/२२ को निर्णयानुसार सामाजिक परिचालन कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय सेवा प्रदायक (Local Service Provider) छनौट गर्ने सम्वन्धि सूचना मन्त्रालयबाट मिति २०७१/४/३१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित भएको र सो अनुसार यस नगरपालिका कार्यालयमा दर्ता हुन आएका आशय पत्रहरु प्रयाप्त मात्रामा नभएकाले मन्त्रालयको च.न. ८८ मिति २०७१/६/२४ को पत्रानुसार पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

१) संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय अन्तर्गत सन् २००८ देखि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सञ्चालनमा रहेको छ। यस कार्यक्रमको प्रमुख लक्ष्य सुदृढ स्थानीय शासन र सामुदायिक विकासका माध्यम मार्फत गरिवी घटाउनु रहेको छ।

२) सन् २०१३ देखि २०१७ सम्म यस कार्यक्रको दोस्रो चरण (LGCDP-II) सञ्चालनमा रहेको छ। स्थानीय न.पा. का वडाहरुमा स्थानीय सेवा प्रदायक (LSP) को सहयोगमा सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्ने LGCDP-II को नीति रहेको छ। स्थानीय सेवा प्रदायहरुले सामाजिक परिचालक मार्फत सामाजिक परिचालन सम्बन्धी कार्यक्रम स्थानीय निकाय र जिल्ला/नगर सामाजिक परिचालन समन्वय समिति (D/MSMCC) को सहयोग र सल्लाहमा कार्यान्वयन गर्नेछन्।

३) स्थानीय सेवाप्रदायकमा छनौट हुनको लागि प्रस्ताव पेस गर्न सम्बन्धित जिल्लास्थित सरकारी निकायमा दर्ता भएको, न्यूनतम ३ बर्षको स्थानीय शासन, सामाजिक परिचालन, सामुदायिक विकास सम्बन्धी कार्यको अनुभव भएको, मूल्य अभिवृद्धि करमा दर्ता भएको, नियमानुसार वार्षिक नवीकरण भएको, आ.व. २०६९।७० सम्मको लेखा परीक्षण सम्पन्न गरेको, आ.व २०६९।७० को कर चुक्ता गरेको, गत ३ आर्थिक वर्षमा वार्षिक सरदर ५ लाख कारोबार भएको, कालोसूचीमा नपरेको, आफ्नो कार्यालय भएको वा घरभाडामा लिई कार्यालय सञ्चालन गरेको, कार्यालयमा आवश्यक मात्रामा फर्निचर, कम्प्युटर, टेलिफोन, इमेल, इन्टरनेटसहित पर्याप्त संख्यामा जनशक्ति भएको लगायतका योग्यता तथा मापदण्डहरु पुरा भएको हुनुपर्नेछ।

४) स्थानीय सेवा प्रदायकहरुले बुदा नं. ३ मा उल्लेख भएका योग्यताहरु बाहेक कार्य क्षेत्रगत सर्त ToR मा उल्लेख गरिएका अन्य मापदण्डहरु समेत पुरा गरेको हुनु पर्नेछ। आवश्यक कागजात पेश नभएका प्रस्तावहरु सक्षिप्त सूचीमा समावेश गरिने छैन।

५) प्रस्तावदाताहरुले सम्वन्धित न.पा.को कार्यालयमा यो सूचना प्रकाशित मितिले ७ दिनभित्र प्रस्ताव पेश गरिसक्नु पर्नेछ।

६) इमेलबाट प्राप्त भएका आशय पत्रहरुलाई मान्यता दिईने छैन। छनौट प्रकृया सम्वन्धि विस्तृत जानकारी TOR मा उल्लेख गरिएको छ। प्रस्ताव पेश गर्ने ढाचा, TOR र सामाजिक परिचालन निर्देशिका, २०७१ सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय वा LGCDP को वेब साईटबाट प्राप्त गर्न सकिनेछ।

७) आवेदकहरुबाट पर्न आएका आशय पत्रको नतिजा सार्वजनिक सूचना गरि जानकारी गराईनेछ। आशय पत्रको नतिजा अनुसार सफल सेवाप्रदायकहरुका लागि विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव पुनः सूचना गरि मांग गरिनेछ

८) आवेदकहरुबाट पर्न आएका आशय पत्रहरु छनौट गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

९) सूचनामा परेका व्यहोराहरु बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

***नोटः पूर्व सूचना अनुसार दर्ता भएका आशय पत्रहरुलाई यथावत कायम राखीएकाले उक्त सेवा प्रदायक संस्थाहरुले पूनः आशय पत्र दर्ता गर्न नपर्ने।***

**थप जानकारीका लागि**

सम्पर्क व्यक्तिः- श्री लाल बहादुर साउद ( सुचना अधिकारी) फोन नं. ०९६: ४१००२२